(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित)

जि.प्र.का.दर्ता न ५८/२०६३

सहिद

SAHID WEEKLY साप्ताहिक

सार्वजनिक सम्पतिमा प्रत्येक नागरिकको हक छ, त्यसको दुरुपयोग दण्डनीय अपराध हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

वर्ष ११, अंक ३३, पृष्ठ -६ ने.सं. ११३५ कौलागा, चतुर्दशी वि.सं. २०७१ मंसिर ५ गते शुक्रबार NOV. 2014 मूल्य रू. ५।-

जोशी शताब्दी महोत्सव मंसिर १५ गते

ललितपुर । त्रिमूर्ति निकेतनले मंसिर १५ गते 'सत्यमोहन जोशी शताब्दी महोत्सव' मनाउने भएको छ ।

महोत्सवको थालनी गत साल बैशाख ३० गते भएको थियो । आगामी बैशाख ३० गते जोशीबारे प्रकाशित हुने ग्रन्थहरुको लोकार्पण गरिनेछ ।

बाङ्मयिक संस्कृतिको सुकीर्ति फैलाउनु भएका नेपाली संस्कृतिका धरोहरु र यस शताब्दीका शीर्षस्थ स्रष्टा जोशीको सफल यात्राको कदर गर्दै सोही दिन उहाँलाई 'शताब्दी पुरुष' को सम्मानका साथ पाँच फिट

क्रमशः ५ पृष्ठमा

संविधानसभा निर्वाचनको(मसिर ४) एक वर्ष

संविधान लेख्न सत्तासिन दलहरू विदेशीको शरण !

संविधानसभाको म्याद सकिन अब २ महिना मात्र बाँकी छ । समय धल्किदै जाँदा नेपाली जनताले नयाँ संविधान पाउने आशा फेरि तुषारापात हुने संकेत देखा परेको छ ।

संवैधानिक संवाद सहमति समितिको बैठक अनिश्चितकालसम्म स्थगित भएको छ । सहमतिमा पुग्न नसकेपछि सत्तारुढ नेपाली काँग्रेस र एमालेले विवादित अन्तरवस्तु प्रक्रियामा जाने सहमित गरी संविधानसभामा पठाउने तयारी र सहमतिमा नै पुग्ने एमाओवादीको अडानबीचको तकरावलाई सत्ता पक्षकाले हस्ताक्षर सहित संवाद समितिलाई बुझाएपछि संविधा नबन्ने कुरामा शंका बढेको हो ।

यकातिर संवाद समितिका अध्यक्ष बाबुराम भट्टराईले सहमतिबिना बैठक नडाँक्ने अठोट लिएपछि सत्ता पक्षले सोमबार सोल्टी होटलमा विदेशी कुटनितिज्ञ गुहार्दै छुट्टै कार्यक्रम गरेका थिए ।

विदेशी राजदूतसँग सत्तापक्षले आँसु झार्दै संविधान लेखनमा बढेको विवाद मिलाउन आग्रह गर्नसम्म भ्याए । अर्कोतिर एनेकपा माओवादी सहितको २२ दलीय मोर्चाले पनि विवाद मिलाउन विदेशी कुटनितिज्ञ समक्ष आग्रह गर्ने भएका छन् ।

नुन खाएपछि नुनको सोझो गर्नुपर्ने कथनलाई सत्ता पक्ष नेका र एमाले र प्रमुख प्रतिपक्ष एमाओवादी सहितको २२ दलीय मोर्चाले सार्थक बनाउँदै छन् । संविधानसभाको निर्वाचनमा चुनावमा जित हासिल गर्न सत्तापक्ष र प्रतिपक्षलाई अर्वौं सहयोग गरेकोले अब संविधान दिन नसक्नेस्थिति देखेपछि प्रायश्चित गर्दै विदेशी कुटनितिज्ञलाई देशको भित्री आन्द्रा-भुँडी देखाउँदै छन् ।

नेपालको समस्या र विवाद समाधान गर्ने काम नेपाली जनता हुन् । नेपाली जनताको प्रतिनिधित्व नै राजनैतिक दल हुन् ।

जसरी पनि चुनाव जित्न अनैतिक कार्य गर्ने सत्तासिन दल विदेशीको भरमा चेलेको कारण नेपाली जनता र इमानदार राजनैतिक दलबीच छलफल गरेर विवाद समाधान गर्न चाहेनन् । सत्तारुढ दलले विदेशी कुटनितिज्ञ धाउन थालेपछि प्रतिपक्षमात्र के कम विदेश धाउन ।

वैदेशिक बुद्धिको कारण २०६४ सालको संविधान सभा विघटन गरेको इतिहास ताजै छन् भने २०७० सालको संविधानसभा पनि त्यही बाटो दोहोऱ्याउनु गलत हुनेछ ।

सत्ताको राजनीतिक खिचातानीले संविधान नदिने, विदेशीको इसारामा पहिचान खोज्ने घाटक कार्यले देश र जनतालाई फेरि मुर्ख बनाउन खोजेको राजनीतिज्ञ बृतमा चर्चा चलेको छ । अबपनि देश र जनताको हितमा काम गर्न नसकि संविधानसभाबाट संविधान नदिएमा त्यस्ता दललाई जनताले सजाय र नयाँ दिनकोलागि न्याय दिनै पर्दछ ।

मंसिर ८-१२ सम्म जोर-बिजोरमा सवारी

४ दिन शैक्षिक संस्था र २ दिन सरकारी बन्द

काठमाडौं । आसन्न सार्क शिखर सम्मेलनमा राजधानीका सडकमा जोर-बिजोरका आधारमा सवारी साधन चलाइने भएको छ ।

सम्मेलनका कारण सवारी व्यवस्थापनमा सहज होस् भन्ने उद्देश्यले यस्तो नियम बनाउन थालिएको उपत्यका ट्राफिक प्रहरी महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार सहज सवारी आवागमनका लागि मंसिर ८ देखि १२ गतेसम्म राजधानीका सडकमा जोर-बिजोरका आधारमा सवारी संचालन गर्न लागिएको हो । जसअनुसार मंसिर ८, १० र १२ गते राजधानीका सडकमा जोर नम्बर भएका सवारी साधनमात्र संचालन हुन पाउनेछन् । त्यसैगरी ९ र ११ गते बिजोर नम्बर भएका सवारी साधान संचालन हुनेछन् । सवारी साधनका पछिल्ला दुई नम्बरका आधारमा जोर-बिजोर छुट्याइने छ ।

त्यसैगरी ९-१२ गतेसम्म शैक्षिक संस्थाहरु चार दिन र १०-११ गते सरकारी कार्यालयहरु दूईदिन बन्द हुनेभएको छ ।

विकल्पको चौंधौं वार्षिक साधारण सभा सम्पन्न

भक्तपुर । विकल्प सहकारी संस्था लि.को चौंधौं वार्षिक साधारण सभा कार्तिक २९ गते भक्तपुरस्थित शुभकामना पार्टी प्यालेसमा सम्पन्न भयो ।

प्रमुख अतिथि सभासद् श्याम श्रेष्ठले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गरिएको सो कार्यक्रममा वहाँले देशमा संविधानसभाबाट संविधान बनाउने कार्य भैरहेको जानकारी दिंदै राजनैतिक दलहरु आ-आफ्नो अडानमा रहेकोले संविधान निर्माण कार्य अगाडि बढ्न नसकेको र सहमतिमा पुग्न नसकेको बताउनुभयो । वहाँले संविधान जारीसंगै जनताको अधिकार सुनिश्चित हुने वताउनु भयो ।

विशेष अतिथि पूर्व राज्यमन्त्री शशी श्रेष्ठले महिला शेयर सदस्य अधिक भएको संस्थाले महिला उत्थानका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

सभामा संस्थाका अध्यक्ष अशोक भन्सारीले संस्थाको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष शंकर आचार्यले संस्थाको आर्थिक प्रतिवेदन पेश गर्नु भएको थियो ।

संस्थाले आ.व. २०७०/०७१ मा शेयर पूँजी ४२ लाख ६७ हजार २०० रहेको जनाउँदै निक्षेप संकलन १ करोड ९५ लाख ४४ हजार ८५३ र कर्जातर्फ १ करोड ७९ लाख ९३ हजार ८८१ रुपैया भएको प्रतिवेदनमा उल्लेख छ ।

संस्थाका अध्यक्ष अशोक भन्सारीको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष प्रदीप महर्जन र सचिव निर्मला भण्डारी कीर्तिपुर बहुउद्देस्यी सहकारीका दिलबहादुर महर्जन , किपू वचतका सिद्धिकुमार मानन्धरलगायतले पनि बोल्नुभएको थियो ।

स्मरणीय छ, यो संस्था २०५२ स्थापना भई २०५७ मा विधिवत दर्ता भएको थियो ।

कीर्तिपुर यातायात चढौं , पुरस्कार जितौं



कीर्तिपुर यातायात सेवा कम्पनीले यही मंसिर १ गतेदेखि कीर्तिपुर चक्रपथ घुम्ने गाडिको सेवा सुविधा पुनः सुरु गरेको छ ।

टिकट प्रणालीमा सुरु गरिएको सो सेवामा यात्रुहरुको लागि नगद पुरस्कार प्रदान गरिने भएको छ । यात्रुहरुले लिएको टिकटमा प्रत्येक महिनाको १ गते तीन जना भाग्यशालीले प्रथम ६०००।- रुपैयाँ, दोसो ४०००।- रुपैयाँ र तेस्रोले २०००।- रुपैयाँ पाउनेछन् ।

प्रतिस्पर्धाको समय भएकोले ग्राहक आफूतिर आकर्षित गर्न विगतमा यस यातायात सेवाले सहुलियत टिकटको व्यवस्था गरेको थियो तर त्यो सेवा दिगो भएन । अहिलेको टिकटमा नगद पुरस्कार कति महिनासम्म हुने हो हेर्न बाँकी छ ? कीर्तिपुर यातायात सेवाको सामाजिक सेवाको निरन्तरता दिन सबैले आग्रह गरेकाछन् ।

स्मरणीय छ, कीर्तिपुरमा कीर्तिपुर यातायात सेवा र मिनिबस यातायात सेवाबीच प्रतिस्पर्धा छ ।

न्हापाँगु नेपाल भाषा साहित्य मुंज्याः या सूचं

नेपाल सम्बत् ११३५ व योमरी पुन्हीया लसताय् थ्वहे वइगु थिला थ्व पुन्हि (मंसीर २० गते) कीर्तिपुर नपा वडा नं. १० पाँगाया लाछी डबली जुइगु **न्हापॉगु नेपाल भाषा साहित्य मुज्या** व **सांस्कृतिक ज्याझवः** तःजिक हनेत प्रगतिशील साहित्य (चिनाखँ, बाखँ) दुथ्याका दिसं नापं फयांफको हापं विया ग्वाहाली याना दिसं ।

रचना वियेगु थाय:

१) सहिद स्मृति वाचनालय,ग्वसा खलः पाँगा ।
२) पाँगा बुक्स एण्ड स्टेशनरी, धोकासी, पाँगा ।
३) कमला बुक्स एण्ड स्टेशनरी, नयाँबजार किपू ।
४) बाघभैरव स्टेशनरी, बाघभैरव, किपू ।
५) नीलबाराही फोटो स्टुडियो, बोडे ।
६) केजी बुक्स एण्ड स्टेशनरी, गोलमढी, ख्वप ।
७) नाति बज्र सफु ढुकु, भोटाहिटी, यें ।
८) न्यू युनिभर्सल एजुकेशन सेन्टर, मंगलबजाः, यल ।

रचना दुथ्याकेगु लिपॉगु न्हि
मंसीर १५ गते

ग्वासा खलः
जन साहित्य गोष्ठी
पाँगा, किपू
फोन ल्याः ०१-४३३०८२८

ऐतिहासिक जनअन्दोलन २०४६ चैत २० गते शहादत अमर सहिद

लनबहादुर महर्जन
वि सं. २००६ माघ


हिराकाजी महर्जन
वि सं. २०१७ माघ

राजमान माली
वि सं. २०२५ मंसिर

राजेन्द्र महर्जन
वि.सं. २०३० चैत

सहिद साप्ताहिक

वर्ष ११, अंक ३३, २०७१ मंसिर ५ गते शुक्रबार

शंखापुर प्रकाशन समूहको लागि

सम्पादक/प्रकाशक: **नारायण महर्जन**
विज्ञापन/वितरक: नेल्सन
व्यवस्थापक: प्रताप
कम्प्यूटर टाइप/सेटिङ्ग: श्याम महर्जन
सम्पर्क कार्यालय: जहुँ हिटी युवा क्लव - ११
पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३

E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com
www.kipushahid.blogspot.com

मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं

सम्पादकीय .....

कीर्तिपुर जलाधार क्षेत्र घोषणा गर्नुपर्ने

कीर्तिपुर नपा वडा नं. ७ स्थित सिम झवाहिटी र दूध पोखरी खानेपानी मुहानलाई जलाधार क्षेत्र घोषित गरी खानेपानीको समस्या दीर्घकालीन समाधान गर्न ढिलाई गर्न नहुने र मुहान क्षेत्रमा पूर्वाधार निर्माण पछि मात्र जलाधार क्षेत्र घोषणा गर्दा धेरै पानी बगिसकेको हुनेछ ।

जलाधार क्षेत्रको लागि पूर्वाधार निर्माण गर्न कीर्तिपुर नगरपालिका, काठमाडौं उपत्यका खानेपानी लिमिटेड कीर्तिपुर शाखा, क्षेत्रीय सभासद्, राजनैतिक दल र सरोकारवाला सबैजनाको संयुक्त बैठक बसी काउखालिको प्राम्भिक लागत इष्टिमेट अनुसार १७ करोड ३० लाख लाग्ने निर्क्योल गरिसकेको छ ।

सो रकम माग गर्न काठमाडौं उपत्यका खानेपानी बोर्डमा गत महिना बैठक बसी आवश्यक प्रक्रिया सुरु गरिसकेको छ ।

'.....काम कहिले जाला घाम'को उखानले अहिले पनि नेपाली प्रशासनिक र जनमानसबाट टाढा भागेको अवस्था छ ।

१७ करोड जुटाउन १७ वर्ष लाग्ने भयो भने त्यसबेला ३४ करोडको आवश्यकता पर्नेछ ।

त्यस बेलासम्म खानेपानीको आपूर्ति पनि नयाँ बस्ती वृद्धिसँगै अपुग हुनेछ ।

सिम झवाहिटी र दूधपोखरी मुहानबाट अविरल बगिरहेको पानीलाई व्यवस्थित गर्न सकेमा कीर्तिपुर पानीको समस्या धेरै वर्षसम्मलाई टर्नेछ ।

त्यसैले आवश्यक प्रक्रिया चालू रहेकै अवस्थामा सम्बन्धित निकायले जलाधार क्षेत्र घोषणा गरी मुहान वरिपरिको जग्गा अधिकरण गर्ने, मुहानको नजिकै निर्माणाधिनलाई अन्त व्यवस्थित गर्ने काम पनि अहिलेदेखि नै थाल्नु जरुरी भैसकेको छ ।

शासक दलहरूको अकर्मन्यताले संविधानसभा धरापमा

विवेक

एक वर्षभित्र संविधान दिने आशा देखाएर संविधानसभामा पुगेका दलहरु अहिले जनतालाई त्रास देखाउँदै छन् । शासक दलहरुको स्वेच्छाचारिताको कारण नेपाली जनता नयाँ संविधानको आशा र त्रासमा बाँच्न बाध्य छन् । नेका र एमालेलगायतका दलहरुले संवैधानिक राजनैतिक संवाद तथा सहमति समितिमा दुईतिहाइको हस्ताक्षरसहित साझा प्रस्ताव दर्ता गरेपछि शासक दलहरुबीच विवाद चुलिएको हो । संविधानसभामा रहेका दलहरु एकाएक दुई खेमामा विभक्त भए । सात प्रदेश वा दश प्रदेश भन्ने विवादको कारण संविधानसभा धरापमा पर्दै गएको छ। यी सबै शासक दलहरुले नै प्रतिबद्धता गरेबमोजिम माघ ८ गतेभित्र संविधान नल्याउने प्रपञ्च हो भन्ने कुरा बुझ्न गाहो भएन ।

नेका र एमाले आफ्नो साझा प्रस्ताव संविधानसभामा पठाउन संवाद समितिका सभापतिलाई दबाब दिंदैछन् । संवाद समिति दलहरुको प्रस्तावमाथि छलफल गर्ने थलो हो । नेका र एमालेले आफ्नो प्रस्ताव संविधानसभामा पठाउनमात्रै दबाब दिने होइन, सबैको प्रस्ताव समितिमा छलफलको लागि आवाज उठाउनुपर्ने हो । प्रस्तुत सबै प्रस्तावहरुमा एक एक गरी छलफल गरेर सहमतिको प्रयास गर्नुपर्दछ । सहमति नभएको अवस्थामा मात्रै निर्णयार्थ प्रश्नहरु बनाइ संविधानसभामा पठाउने गर्नु बद्धिमानी हुनेछ ।

सभापति भट्टराई "तीन दिनभित्र सहमति नभए महाभारत सुरु हुन्छ" भन्दै धम्कीको भाषा बोल्दैछन्। ती दलहरु एकले अर्कोलाई धम्क्याएर वा घुर्क्याएर समय व्यतित गर्दैछन् । सात प्रदेश वा १० प्रदेश कुनै सैद्धान्तिक विवाद होइन । त्यो त शासक दलहरुको जुँगाको लडाइँमात्र हो । दश प्रदेश बनेपछि समाजवादी संविधान बन्ने र सात प्रदेश बनेपछि पूँजीवादी संविधान बन्ने होइन । बेतुकको बहसमा अहिले शासकहरु उत्रिरहेका छन् । संविधान कुनै नेता विशेषको चित्त बुझाइको दस्तावेजमात्र हुनुहुन्न न त कुनै जातिको खुशीको लागि लेखिने दस्तावेज नै हो । संविधान सारा जनताको हक हित सुरक्षित गर्ने दस्तावेज बन्नुपर्छ। अझ कामदार वर्गको हितमा लेखिनुपर्छ। यसबारे दलहरुबीच बहस भएको खोइ ?

प्रदेशको सङ्ख्या र नामङ्करण कुनै राजनैतिक व्यवस्था होइन । त्यसले कुनै हक अधिकार सृजना गर्ने पनि होइन । नेपालमा अहिले सङ्घीयताको अभ्यास गर्न खोज्दैछ । सङ्घीयतामा गएपछि जादुको छडीले जस्तै विकास गर्ने पनि होइन । सङ्घीयतामा विकास र विनास दुबै संसारमा विभिन्न उदाहरणहरु पाइन्छ । सं.रा.अमेरिका, स्विजरल्याण्ड आदि देशहरु सफल देशहरुमा गनिन्छन् भने सोभियत सङ्घ, युगोस्लाभिया, चेकोस्लाभाकिया आदि देशहरुलाई असफल देशको रुपमा लिन सकिन्छ। प्रदेशहरुको सङ्ख्या पछि आवश्यकताअनुसार थपघट गर्न सकिन्छ । अहिले तोकिएकै सङ्ख्याको प्रदेश सदा सर्वदा रही रहन्छ भने पनि होइन । अहिले उपयुक्त भएको कुरा भोलि अनुपयुक्त पनि हुनसक्छ । २०६४ सालको निर्वाचनमा जाति, भाषा, क्षेत्रको कुरा धेरै उठे । त्यसैको आधारमा माओवादीले संविधानसभामा धेरै स्थान पनि जित्यो । ६ वर्षपछि भएको निर्वाचनमै जनताले जातीय, क्षेत्रीय र भाषिक आधारमा प्रदेशहरु बनाउने कुरा अस्वीकार गरे। माओवादी र मधेसीहरुको पराजयले त्यही कुरा प्रस्ट पारेको छ ।

संघीयता असफल भएका देशहरुबाट हामीले पाठ सिक्नुपर्छ । फ्रेन्च बेस्ट अफ्रिका सेनेगल, फ्रेन्च गायना, आइभरीकोष्ट, फ्रेन्च सुडान र डाहोमी मिलेर १८९५ मा बनेको संघीय राज्य थियो । १९५९ मा त्यसको विघटन भयो। त्यस सङ्घअन्तर्गत बुकिर्नाफासो, गिनी, माली, नाइजरलगायतका राज्यहरु थिए । पछि ती सबै राज्यहरु स्वतन्त्र भए । त्यस्तै फेडेरेशन अफ साउथ अरेविया १९६३ मा बनेको सङ्घीय राज्य थियो । १९६७ मा त्यो सङ्घ विघटन भयो । धेरै देशहरुमा सङ्घीय राज्य असफल भएका उदाहरणहरु छन् । संविधान निर्माण प्रदेशहरुको संख्यालई जुँगाको लडाइँ बनाउनुहुँदैन ।

संविधान ऐन, कानुनअनुसार चल्नु नै प्रजातन्त्र हो। संविधानसभाको निर्वाचन संविधानबमोजिम नयाँ संविधान बनाउनको लागि भएको थियो । निर्वाचनमा भाग पनि लिने आफूले चाहेअनुसार परिणाम नआउने बित्तिकै भाग्नेहरु प्रजातन्त्रवादी हुनसक्दैनन् । निर्वाचन जे जस्तो अवस्थामा भए पनि वैधानिक रुपले निर्वाचित भएपछि त्यसको सम्मान सबैले गर्नुपर्ने हुन्छ । संविधान निर्माणबारे जे-जस्तो विवाद छ त्यसको निर्णय गर्ने थलो पनि संविधानसभा नै हो। संविधानसभाबाट गर्नुपर्ने काम सडकबाट गर्न थालियो भने संविधानसभा औचित्यहीन हुनपुग्छ । अहिले संविधानसभालाई शासक दलहरु औचित्यहीन बनाउन खोज्दैछन् ।

कार्तिक २९ गते २२ दलीय मोर्चाको आयोजनामा धनगढीमा भएको सभामा एमाओवादी अध्यक्ष प्रचण्डले "एक हप्तामा सहमति नभए २२ दलले सरकार गठन गर्ने" चेतावनी दिए । सडकबाट सरकार गठन गर्ने हो भने सबभन्दा पहिले २२ दलले संसद त्याग्नुपर्छ । संसद र संविधानसभामा बस्ने अनि बाहिरबाट सरकार गठन गर्ने धम्की पनि दिने अभिव्यक्ति राजनैतिक अनैतिकता हो । यस्ता गैरजिम्मेवार अभिव्यक्तिले नेताहको उचाइ बढाउँदैन बरु घटाउँछ । यसबारे शासक दलका नेताहरु सचेत हुनुपर्ने देखिन्छ ।

सहमतिको नाउँमा नेपाली जनता संविधानसभाको लागि पटक-पटक निर्वाचनमा जान तयार छैनन् । अन्तिमसम्म सहमति खोज्ने, सहमति नभए संविधानबमोजिम प्रक्रिया अगाडि बढाई संविधान निर्माण गर्नुको विकल्प छैन । फेरि द्वन्द्को धम्की दिएर एमाओवादी र मधेसी दलहरुले आफूले भनेजस्तै संविधान ल्याउन खोज्छ भने त्यो अरुको लागि स्वीकार्य हुनेछैन । यस्ता क्रियाकलापले प्रजातन्त्रप्रति नै अविश्वासको वातावरण बन्छ । हतियार छोडेर मतपत्रमा विश्वास गरेर आएका माओवादीहरुले फेरि "विद्रोह" को धम्कीले माओवादीप्रति थप आशङ्का जन्माएको छ । माओवादीले के बुझ्न जरुरी छ भने लडाइँ जितेर माओवादी शान्ति प्रक्रियामा आएको होइन । हतियार र लडाकू सरकारलाई बुझाउने, निर्वाचनमा भाग लिने र सरकारमा जाने नीति लिनु नै माओवादीको तत्कालीन सरकारसमक्ष आत्मसमर्पण थियो । अन्य शासक दलहरु दरवारलाई समाप्त पार्दा आइपर्ने सम्भावित खतरालाई ध्यानमा राखेर माओवादीलाई जितकै दर्जा दिएकोसम्म हो । यथार्थ त्यो थिएन । संविधानसभाको पहिलो निर्वाचनमा सबभन्दा ठूलो पार्टी भएपछि माओवादीले आफू जितेकै भ्रम पाले । उनीहरुले पचास वर्ष शासन गर्ने सपना देखे । २०५२ सालमा सशस्त्र सङ्घर्ष सुरु गर्दा लिएको विचार र सिद्धान्त विस्तारै छोड्दै गए । जातीयता र क्षेत्रीयता नै उनीहरुको मार्ग निर्देशक सिद्धान्त बन्दै गयो । शासन सत्ताको लागि जहिले पनि र जोसुकैसँग पनि मिल्ने सिद्धान्तहीन पार्टीको रुपमा देखा पर्दैछ माओवादी । माओवादी कम्युनिष्ट पार्टी नबनेको मात्रै होइन राम्रो प्रजातान्त्रिक पार्टी पनि बन्न सकेन । अहिले माओवादी जातीय पार्टीमा रुपान्तरण हुँदै छ ।

वैद्य माओवादी सुरुदेखि नै संविधानसभाको विघटनको पक्षमा थियो। अहिले एमाओवादीका नेताहरुले पनि संविधानसभाको विघटनको माग गर्न थालेका छन् । एमाओवादीका नेता गोपाल किराँतीले संविधानसभा विघटन गर्नुपर्ने बताए । पहिलो संविधानसभामा सबभन्दा ठूलो दल बनेको माओवादीले जनताको अपेक्षाअनुरुप काम गर्न नसक्दा तस्रो दलमा खुम्चिनु परेका थियो । अहिलेको संविधानसभा पनि संविधान नबनाई विघटन भयो भने त्यसको तमाम दोष माओवादीलाई नै जानेमा कुनै शङ्का नगरे हुन्छ । त्यसपछिको निर्वाचनमा अहिलेको स्थिति जोगाइराख्न पनि माओवादीलाई सहज हुनेछैन । किनभने जनताको स्तर धेरै अगाडि बढिसकेको छ। नेताहरुले जे चाहन्छन् त्यो चुपचाप सहने पक्षमा मात्रै छैनन् । गल्ती गर्नेलाई सजाय गर्न पनि जनताले जानिसकेका छन् । संवाद समितिमा प्रस्तुत प्रस्तावहरुबारे छलफल नगरी आलताल गरेर समय व्यतीत गरेको खण्डमा नेपाली जनताले फेरि पनि माओवादीलाई जिम्मेवार ठहर गरेर सजाय दिनेछन् ।

निर्वाचनमा हारजित स्वाभाविक प्रक्रिया हो । अल्पमतले भनेकै कुरामा सहमति गर्नुपर्छ भनेर जाने हो भने बहुमतको कुनै अर्थ रहँदैन । बहुमतको निर्णय कार्यान्वयन गर्ने र अल्पमतको सम्मान गर्नु नै प्रजातन्त्र हो। माओवादी अहिले न मार्क्सवादी हुनसकेको छ न प्रजातन्त्रवादी नै हुनसक्यो । परिणामले माओवादी अहिले जातिवादी पार्टीमा पाइला पाइला गरी रुपान्तरित हुँदैछ । यसलाई रोक्न सकिएन भने माओवादी हालको जस्तो तीन वा चारमात्रै होइन दर्जनौं गुट उपगुटहरुमा विभाजन हुनेछ र उसका विघटन अवश्यम्भावी छ । का. रोहितले भन्नुभएजस्तै सिद्धान्त छोड्नु भनेको हिमालयमा चिप्लेटी खेल्नुजत्तिकै खतरा छ । अहिले माओवादी यस्तै खतराको बीचमा हिंडिरहेको छ । कुन दिन डुब्ने हो त्यो समयले देखाउने नै छ।

पार्टी भनेको उसले लिएको विचार र सिद्धान्त हो । विचार र सिद्धान्त शून्य पार्टी लासजस्तै हुन्छ । माओवादी नेताहरुले अहिले १२ बुँदेमा हस्ताक्षरकर्ताहरु एक ठाउँमा उभिनुपर्ने बताउन थालेका छन् । सरकार, राजदूत र उपकुलपतिहरुको भागवण्डा मिलेसम्म माओवादीले १२ बुँदेका हस्ताक्षरकर्ताहरुलाई कहिल्यै सम्झेनन् । अझ मन्त्रिपरिषद्ले २६ जना सभासद् मनोनीत गर्ने बेलामा समेत अन्य दलको मतलब गरेनन् । अहिले ऊ सङ्कटमा छ । त्यसैले अहिले १२ बुँदेका हस्ताक्षरकर्ताहरुको उसलाई सम्झना आयो । नेमकिपाले पहिलो संविधानसभामा आठ दल विघटन नगर्न निकै जोड दिएको थियो । अन्तरिम संविधानमा व्यवस्था भएको आठ दललाई कायमै राखेको भए अहिलेको जस्तो समस्या आउने थिएन । नयाँ संविधान नबनेसम्म भए पनि आठ दल एक भएर जानुपर्छ भन्ने आवाजलाई माओवादीले नै अस्वीकार गरेको थियो । अहिले त्यसको परिणाम नेपाली जनताले भोग्दैछन् । हिजो संविधान नबन्नुमा आठ दल विघटन गर्नेहरु जिम्मेवार थिए भने अहिलेको अन्योलका लागि पनि ती दलहरु नै जिम्मेवार छन् । अब शासक दलहरुको जुँगाको लडाइमा देश अनिर्णयको बन्दी बनाउनुहुँदैन । संविधान निर्माणमा सबैको ध्यान जाओस् ।

सार्क सम्मेलन अर्को हप्ताबाट

सार्क राष्ट्रहरुको चासोको विषय के हो ?

यज्ञ बहादुर कार्की

नेपालमा बिसौं वर्ष अगाडि बहुदलीय राजनैतिक पद्धति सुरु भई राजनैतिक परिवर्तन भए पनि आम जनताले आफ्नो मुलुकको आर्थिक उन्नति, कला, संस्कृति शान्ति सुरक्षा, महँगी र समानुपातिक न्याय प्रणाली, भ्रष्टाचारको अन्त्य गरी असल सरकार स्थापित गर्न असफल भइरहेको कसैबाट छिपेको छैन। विगतको आम निर्वाचनले संविधानसभाका सभासद्हरुसमेत पुनः दोस्रोपटक निर्वाचित गराए पनि देशमा अब बन्ने नयाँ संविधानको प्रारुप भने जनतासमक्ष प्रस्ट भएको छैन । संघीयताको विवाद, धर्मको विवाद, जातिको विवाद, आदि कुराको कलहले देशलाई अब आउने दिनहरुमा झनै धराशायी पार्छ कि भन्ने ठूलो सम्भावना देखा पर्दै आइरहेको छ । नयाँ बन्ने संविधानले मुलुक र मुलुकवासीका बहुसांख्यकीय हकहित नगर्ने हो भन्ने त्यस्ता संविधानको कुनै तुक छैन । जुन मुलुकका जनताको संविधानप्रति चासो, अर्थ रहँदैन, त्यस राष्ट्रको विकास र प्रगति हुनसक्दैन । नेपालमा बहुसांख्यिक राजनैतिक दलहरु दलीय स्वार्थमा अल्झिरहेका देखिन्छन् । उनीहरुको नेतृत्व वर्गीय, जातीय, धार्मिक र भाषागत स्वार्थमा आधारित रहेको छ । यी कुरा सार्क राष्ट्रहरुका सरकार प्रमुख र राष्ट्रलाई थाहा नभएको वा नहुने भन्ने नै हुँदैन । बहुदलीय व्यवस्थामा स्वस्थ राजनैतिक प्रतिस्पर्धा भई सरकारले सबै जनता, वर्ग, जाति, भाषा, भेषभुषा, धर्मलाई समान व्यवहारमा समेट्दै देशको समग्र विकास गराउन सक्नुपर्दथ्यो तर दुर्भाग्यवश त्यसो हुन नसक्दा देश आजसम्म पनि विविध कुरामा नै अल्मलिन पुगिरहेको छ । भ्रष्टाचारले शिखर नाघेको र त्यसको श्रोत पनि उच्चस्तरीय तहबाट नै छ भन्ने कसैबाट छिपेको छैन । आम जनताको स्वास्थ्य, सुरक्षा, शिक्षा, रोजगारी, सीपमूलक विकास गर्ने अवसर कतै फस्टाएको देखिन्न। यी नै विविध कारणबाट सार्वजनिक महत्वका विषयमा पनि अब जनताको सुनुवाइ सरकारले राख्न छोडेको परिप्रेक्ष्यमा नेपालीको सुदूर सुनौलो भविष्य बनाउने कुरा त महत्वपूर्ण छँदैछ । यस घडीमा सार्क मुलुकहरुको नेपालमा नै शिखर सम्मेलन पर्नु र लगभग लगभग संविधान बनाउने समय नजिकै पर्नु पनि एक अर्थले ठूलो अहोभाग्य नै मान्नुपर्दछ। तर नेपालमा जे जति कानुनका ज्ञाता बुद्धिजीवी, अर्थशास्त्री, राजनैतिक सचेतता भएका व्यक्तित्व वा देश चलाउने नोकरशाही कसैले पनि मौकामा आफ्नो अलौकिक शक्ति प्रदर्शन गरी जनताको राय र विश्वासलाई जितेर साथ लिई अघि बढेको देखिएन । समग्रमा सदाचारको

अभाव नै त्यसको कारक तत्व हो भनेर बुझे हुन्छ। नैतिक धरातल बलियो बनाउन नसक्ने चरित्र विज्ञानको महत्वलाई नबुझ्दा त्यसको साधनागत अध्ययन र तप नगरेपछि त्यसो हुनुमा कुनै आश्चर्य मानिदैन । हामीले सुन्दै आएको कुरा के हो भने दृढतासाथ प्रतिबद्ध भएका व्यक्तित्वहरु पनि हरेक समयमा चुकिसकेका उदाहरण छन् । एक अर्थले निराशाजनक चिन्तन राख्न र सम्प्रेषण गराउन यो लेख लेखिएको होइन । हाम्रो चिन्तन के हो भने यदि राष्ट्रको हित राख्नु छ भने राष्ट्रिय चिन्तन हुनैपर्दछ भन्ने हो ।

दक्षिण एसियाली मुलुकहरुको सार्क शिखर सम्मेलन अब फेरि नेपालमा हुन लागिरहेको छ । हालै दक्षिण एसियाली मुलुकहरुमध्येकै सबैभन्दा ठूलो र शक्तिसम्पन्न मुलुक भारतमा आम निर्वाचन सम्पन्न भई बहुमतको मोदी सरकार गठन भएको छ । भारतीय कला, संस्कृति, धर्म र परम्पराको जगेर्ना गरी भारतीय सभ्यतालाई जोगाई राख्ने गहन जिम्मेवारी अब भारतीय जनताले मोदीमार्फत जाहेर गरेका हुन् ।

यही मंसिर महिनाको १० र ११ गते नेपालमा हुन लागेको सार्कको १८ औं शिखर सम्मेलनमा नेपालले आफ्नो तर्फबाट सम्बन्धित विशेषज्ञको रायसमेत लिई अब बन्ने संविधानको प्रारुपमा सबै वर्ग, जातजाति, पेशा, धर्मलाई समेट्दै आर्थिक विकास, शान्ति र सहअस्तित्व, सार्वभौमसुरक्षा सरकारले राख्नसक्ने कुरामा पनि दक्षिण एसियाली मुलुकहरु समक्ष अवगत गराउनुपर्दछ । साथै दुईपक्षीय आर्थिक हितजस्तै ऊर्जा, ग्रीड, रेल्वे र यातायातको खुला हुन पाउने प्रस्ताव पनि प्रस्तुत गर्नुपर्दछ । नेपालको जलश्रोतको उपादेयिता, उपभोग, संरक्षण संवर्द्धन कसरी गर्ने गराउने प्रस्ट्याउनु सक्नुपर्दछ । नेपाली जनताको विशेषगरी कृषक, उद्योग व्यवसायीहरुको मूलभूत हित, संरक्षण र पेशाको साथै आम जनताको स्वास्थ्य, बसोबास, सुरक्षा, शिक्षा, रोजगारीको ग्यारेन्टी सरकारको हो भन्ने विश्वास दिलाउन सक्नुपर्दछ ।

यसैगरी नेपालको बनजंगल धार्मिक पर्यटकीय विकास त्यसबाट प्राप्त हुने आयहरु पारदर्शी हुनुपर्ने र अनुगमन निर्देशनसमेत भइरहनुपर्ने अवगत गराउनुपर्दछ । ती कुराहरुमा सहयोगको अपेक्षासाथ ठोस् नीति कार्यक्रम आदि बन्ने कुरामा निर्भर दिलाउनुपर्दछ । साथै नेपाली महिला, बालबालिका, दैवी प्रकोपमा परेका जनताका सुरक्षा र स्वास्थ्यका विषयहरुमा बहुपक्षीय सहयोगको प्रस्ताव पनि पेश गर्नुपर्दछ । बेरोजगारी युवाहरुको रोजगारको व्यवस्था र त्यसका प्रत्याभूतिका लागि ल्याइने कार्यक्रमहरुको रुपरेखा पनि सार्कमा प्रस्तुत गरी हातेमालो कार्यक्रम राखी अगाडि बढ्नुपर्ने प्रस्ताव प्रस्तुत गर्न वाञ्छनीय हुन्छ । नेपालमा बहुसांख्यिक युवाहरु विदेशिने क्रम बढिरहेको अवस्थाले गर्दा अब देशमै रोजगारीको व्यवस्थाको लागि ल्याइने प्याकेज प्रोग्रामहरु, सीपमूलक विकासहरु, औद्योगिक कलकारखानाका स्थापनाहरु के के हुन् सरकार त्यसमा कसरी अगाडि बढिरहेको छ प्रस्तुत गराउन अनिवार्य छ । अन्यथा "हात्ती आयो हात्ती आयो फुस्सा" भन्ने कहावत चरितार्थ हुन जान्छ । यसर्थ सार्क मुलुकहरुको मूल चासोको विषयमा र आम जनताको अत्यन्तै महत्वपूर्ण कुराहरुलाई छलेर सार्क सम्मेलन भएमा त्यसको कुनै रौनक, गहनता, उपादेयता र लाभदायिता केही हुनसक्दैन। हुन त नेपालमा विरलै योग्य व्यक्ति योग्य स्थानमा पुगेको देखिएको छ । तसर्थ यस कुरामा पूर्ण विश्वास लिन सकिदैन तर पनि आशाको विरुद्ध आशावादी भने हुनैपर्ला ।

'दसवर्षे कृषि विकास रणनीतिबारे नेमकिपाको धारणा'

(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं सांसद प्रेम सुवालले मिति २०७१ कार्तिक २६ गते व्यवस्थापिका-संसदको कृषि तथा जलश्रोत समितिअन्तर्गत कृषि विकास उपसमितिमा कृषि विकास रणनीतिबारे पार्टीको तर्फबाट पेश गर्नुभएको लिखित धारणा यहाँ प्रकाशित गरिएको छ- सं)

१) क्रान्तिकारी भूमिसुधारमार्फत् जोत्नेलाई जमिन वितरण गर्नुपर्ने ।

२) मुक्त भनिएका कमैयाहरुलाई कानुनमा मोहियानीहकको व्यवस्था गरी पुस्तौंदेखि जोत्दै आएको जमिनमा तत्काल मोहियानी हक दिनुपर्ने ।

३) कृषि अनुसन्धान परिषद्लाई आवश्यक बजेट बन्दोबस्त गरी उन्नत बीउबिजनको अनुसन्धान र विकास गराउनुपर्ने ।

४) नेपाल सरकार र नेपालीहरुकै लगानीमा रसायनिक मल कारखाना तत्काल स्थापना गर्नुपर्ने ।

५) किसानहरुलाई आवश्यक कृषिऔजारहरु र ट्र्याक्टरलगायत उत्पादन गर्ने कारखाना सरकारले नेपालमा तत्काल स्थापना गर्नुपर्ने ।

६) नेपालको खेतीयोग्य जमिनमा सिंचाइको व्यवस्था गर्न ठाउँ ? ठाउँमा बाँधहरुको निर्माण तत्काल गर्नुपर्ने ।

७) सिंचाइको व्यवस्थाको लागि आवश्यक जल विद्युत सरकारले नेपाली जनताको सहभागितामा उत्पादन गर्नुपर्ने ।

८) सिंचाइ र जलविद्युत उत्पादनको लागि अत्यावश्यक नेपालका नदी-नालाहरु कुनै पनि विदेशी सरकार र निजी कम्पनीलाई दिनुहुँदैन ।

९) यसअघि असमान सन्धिमार्फत् नेपालको गुमेको अधिकार पुनः प्राप्त गरी सिंचाइ र जलविद्युत उत्पादन गर्न कोशी, गण्डक, महाकाली नदी एकीकृत विकास सन्धि खारेज गर्नुपर्ने र माथिल्लो कर्णाली जलविद्युत विकास सम्बन्धी भारतीय निजी कम्पनी जीएमआरसँग लगानी बोर्डमार्फत् भएको सन्धि तत्काल खारेज गर्नुपर्ने ।

१०) नेपाल सरकारले लगानी बोर्डमार्फत् अरुण तेस्रो जलविद्युत विकासबारे भारतको निजीकम्पनी सतलजसँग गर्न लागेको सम्झौता नगर्न तत्काल सरकारलाई निर्देशन दिनुपर्ने ।

११) माथिल्लो कर्णाली र अरुण तेस्रोजस्ता जलविद्युत विकासमा नेपाल सरकार र नेपाली जनताबाटै लगानी गरी बिजुली उत्पादन गर्नुपर्ने । वर्षको १५-२० अर्ब रुपैयाँ लगानी गरी ती दुवै जलविद्युत आयोजना पूरा गर्न नेपाल सरकार नै सक्षम भएको हुँदा विदेशी लगानी आवश्यक हुनेछैन ।

१२) जलविद्युत विकास र व्यापारसम्बन्धी संसदको अधिकार प्रयोग गर्दै आएको लगानी बोर्डलाई अविलम्ब खारेज गर्न सरकारलाई निर्देशन दिनुपर्ने ।

१३) केही वर्ष सरकारको नीति तथा कार्यक्रम र बजेटमा कृषि, जलविद्युत र सिंचाइलाई प्राथमिकतामा दिनुपर्ने ।

१४) वर्षेनी खर्बौंको खाद्यान्न, पशुजन्य मासु आयातलाई घटाउँदै लान नेपालमा रोजगारीको अभावमा वैदेशिक रोजगारमा जान बाध्य पारिएका लाखौं युवालाई कृषि विकासमा लगाउन तत्काल आवश्यक कार्यक्रम तय गर्न सरकारलाई निर्देशन दिनुपर्ने ।

१५) साना कृषकलाई आवश्यक बीउबिजन निःशुल्क व्यवस्थाको साथै कृषि औजार र मलखाद खरिदमा पर्याप्त अनुदानको व्यवस्था गर्नुपर्ने । जमिन आफैले नजोत्ने सामन्त र जमिनदारहरुलाई उपलब्ध गराउँदै आएको कृषि अनुदान तत्काल रोक्नुपर्ने। विषादी आयात र बालीनालीमा प्रयोग तत्काल रोक्न "सरकारलाई निर्देशन दिनुपर्ने ।

१६) म्याद नाघेको तथा गुणस्तरहीन बीउविजन र मलखाद आयात तत्काल बन्द गर्नुपर्ने र म्याद नाघेको तथा गुणस्तर हीन बीउविजन र मलखादको कारण क्षति भएको कृषि बाली सो बिक्री गर्नेबाटै क्षतिपूर्ति भराउनुपर्ने र म्याद नाघेको तथा गुणस्तरहीन बीउबिजन र मलखाद आयात गर्न दिने र बिक्री वितरण गराउने सरकारी कर्मचारीलाई तत्काल सेवाबाट बर्खास्त गरी निजबाट पनि क्षतिपूर्ति भराउन निजलाई सजायको व्यवस्था गर्न सरकारलाई निर्देशन गर्नु पर्ने। गतवर्ष भक्तपुर र काभ्रेका नौ हजार किसान परिवारलाई म्याद नाघेको र गुणस्तरहीन धानको बीउ बेच्ने काष्ठमण्डप ट्रेड प्वाइन्ट, काठमाडौंलगायत बिक्रेतालाई कारबाही नभएको र त्यसबाट करोडौं रुपैयाँ क्षति ब्यहोर्नु परेका पीडित किसानहरुलाई हालसम्म क्षतिपूर्तिको व्यवस्था नभएको हुँदा पीडित किसानहरुको मागअनुसार प्रतिरोपनी १२ मुरी धान बराबरको रकम क्षतिपूर्तिको व्यवस्था गर्न सरकारलाई निर्देशन दिनुपर्ने ।

१७) म्याद नाघेको तथा गुणस्तरहीन बीउबिजन र मलखादको कारण कृषि उत्पादन ऱ्हास भई भोकै भएका र असिनाको कारण बाली नष्ट भएका तराईका जिल्लाहरु हिमाली जिल्ला जुम्ला, मुगुलगायतका किसानहरुलाई तत्काल क्षतिपूर्तिको व्यवस्था गर्न सरकारलाई निर्देशन गर्नुपर्ने ।

१८) विविध भौगोलिक अवस्थामा उत्पादन हुने स्थानीय खाद्यान्नलाई उन्नत बनाउने र स्थानीय खाद्य परिकारलाई पर्यटन उद्योगसँगै विकास र विस्तार गर्नुपर्ने ।

१९) सार्क बीउबिजन बैंकको नाउँमा नेपाल विदेशीको बीउबिजन बिक्री गर्ने बजार हुने र सार्क बीउबिजन बैंक सञ्चालनमा दामासाहीमा खर्च व्यहोर्ने व्यवस्था नेपालको हितविपरीत भएको हुँदा यसबारे काठमाडौंमा मंसिर १० र ११ गते हुने सार्क सम्मेलनमा पुनरावलोकन गर्न सरकारलाई निर्देशन गर्नुपर्ने ।

२०) कृषि उत्पादनलाई नकारात्मक प्रभाव पार्ने प्रदूषणमूलक उद्योगहरु तत्काल स्थानान्तरण गर्ने र उद्योगहरुमा प्रदूषण ननिस्कने व्यवस्था गर्न सरकारलाई निर्देशन दिनुपर्ने ।

२१) दशवर्षे कृषि विकास रणनीति राष्ट्रिय किसान मोर्चाको परामर्शमा तयार गरिएको भनिएपनि सो किसान मोर्चामा सबै राजनीतिक पार्टीको किसान संगठनहरुको संलग्नता नभएको र जमिनदारहरुले तयार गरेको जस्तो भएको हुँदा यो प्रतिवेदनलाई खारेज गरी संसदमा भएका सबै राजनीतिक दलको किसान संगठनका प्रतिनिधिहरुलाई संलग्न गरी नयाँ प्रतिवेदन तयार गर्नुपर्ने । विदेशी दाताहरुको निर्देशनमा नेपालको कृषि रणनीति बनाउने काम तत्काल अन्त्य गर्नुपर्ने ।

काभ्रेको दोस्रो जिल्ला सम्मेलन सम्पन्न

काभ्रे । नेपाल मजदुर किसान पार्टीको दोस्रो काभ्रेपलाञ्चोक जिल्ला सम्मेलन शनिबार बनेपामा भयो ।

सम्मेलनको उद्घाटनसभामा बोल्दै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले अहिले संसदमा नेमकिपाले मात्रै साँचो अर्थमा प्रतिपक्षको भूमिका निभाइरहेको बताउनुयो ।

ठूला-साना सबै पूँजीवादी पार्टीहरु संसदमा आ-आफ्नो भूमिकाअनुसार काम गर्नुभन्दा पद, पैसा र सुविधाको पछि लागेको उहाँको भनाइ थियो ।

सुकुमबासीहरुलाई जग्गा दिने नाममा भारतलाई सस्तोमा काठ बेच्ने दलालहरु सक्रिय रहेको बताउँदै अध्यक्ष रोहितले सुकुमबासीहरुलाई जग्गा होइन रोजगार दिनुपर्छ भन्नुभयो ।

स्थानीय निकाय प्रजातन्त्रको जग भएकोले देशको आधा बजेट स्थानीय निकायमार्फत खर्च गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यकर्ताहरुलाई हरेक कुरामा आलोचनात्मक दृष्टिकोण विकास गर्न सल्लाह दिँदै उहाँले निरन्तर कक्षाहरु सञ्चालन गर्न र संगठनका गतिविधिमा सक्रिय हुन निर्देशन दिनुभयो ।

"अरुले गऱ्यो, गरेन भन्नुभन्दा आफूले के-कति नयाँ सदस्य, संगठन बनायौं भन्ने विषयमा चिन्तन गर्नुपर्छ" उहाँले जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी महिला संघका अध्यक्ष एवम् सभासद् अनुराधा थापामगरले नेपालको महिला आन्दोलनको जोड अंश र वंशको मुद्दामा अल्झिनुभन्दा शिक्षा र रोजगारमा हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा काठमाडौंका अध्यक्ष नारायण महर्जन, नेमकिपा भक्तपुरका उपाध्यक्ष सुरेन्द्रराज गोसाईं र नेमकिपा सिन्धुपाल्चोकका अध्यक्ष गजेन्द्रबहादुर श्रेष्ठले जिल्ला सम्मेलन सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

नेमकिपा काभ्रेका कृष्ण कुमार वैद्यको सभापतित्वमा भएको कार्यक्रममा हिमाली रानामगर, मुना तामाङ, धनबहादुर तामाङ, कान्ती अवा, सूर्य वाइवा, पितमबहादुर तामाङ, हिरामणि न्यौपाने, ऋषिराम दुलाल, रामगोपाल न्हुछे प्रधान, लक्ष्मीराम न्हुछे प्रधान, पुण्यशोभा तुसुजू श्रेष्ठले पनि बोल्नुभएको थियो ।

उद्घाटन सभाअघि सुरु भएको उद्घाटन ञ्चालीले बनेपा नगर परिक्रमा गरेको थियो ।

सम्मेलन नयाँ नेतृत्व चयनका साथ आइतबार सम्पन्न भयो ।

सम्मेलनको बन्दसत्रमा बोल्दै नेमकिपाका केन्द्रीय सचिव सुनिल प्रजापतिले कार्यकर्ताहरु पार्टी विधानबमोजिम अनुशासनलाई उच्च प्राथमिकतामा राखी निरन्तर क्रियाशील रहनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले पार्टीको निर्देशनलाई हरदम लागू गर्न तत्पर रहनुपर्ने बताउँदै सिद्धान्तनिष्ठ कार्यकर्ताले नै महत्वपूर्ण योगदान पुऱ्याउँछ भन्नुभयो ।

नेपाल क्रान्तिकारी सांस्कृतिक संघका अध्यक्ष सुरेन्द्र राज गोसाईंले साम्राज्यवादविरोधी आन्दोलनमा नेमकिपाले निर्वाह गरिरहेको भूमिकाको विश्वभरि उचित मूल्याङ्कन भइरहेको बताउनुभयो ।

सम्मेलनले कृष्णकुमार वैद्यको अध्यक्षतामा एघार सदस्यीय नयाँ समिति गठन गऱ्यो ।

बौद्ध सम्मेलनबाट तेइसबुँदे घोषणापत्र जारी

बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजित अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनले २३ बुँदे घोषणापत्र सार्वजनिक गर्दै आइतबार सम्पन्न भएको छ ।

तीनदिनसम्म सम्मेलनको क्रममा प्रस्तुत विभिन्न कार्यपत्र र कार्यपत्रमाथि भएका छलफलका आधारमा पाँच विषयगत विधामा विभिन्न निर्णय गरी घोषणापत्र जारी गरिएको हो ।

लुम्बिनीस्थित म्यानमारको धम्म हलमा भएको समापन समारोहमा नेपालका भिक्षु डा. सुगन्धले लुम्बिनी घोषणापत्र सार्वजनिक गर्नुभएको थियो ।

म्यानमारको सितगु इन्टरनेसनल बुद्धिष्ट एकेडेमीका तर्फबाट अध्यक्ष भिक्षु डा. अशिन ज्ञानिसरा, म्यानमारका धार्मिक मामिलासम्बन्धी युनियन मन्त्री ऊ सो विनलगायतका प्रतिनिधिले घोषणापत्रमा हस्ताक्षर गर्नुभएको छ ।

सम्मेलनले लुम्बिनीको प्रवर्द्धन, संरक्षण र संवर्द्धन गरी संसारभर बौद्ध शिक्षाको प्रचारप्रसारमा लाग्नुपर्नेमा जोड दिँदै यसका लागि हातेमालो गरेर काम गर्न अन्तर्राष्ट्रिय बौद्ध समुदायसँग आह्वान गरेको छ ।

बौद्ध विज्ञ तथा बुद्धिजीवीको सहभागितामा सम्पन्न भएको सम्मेलनले रुपन्देही, कपिलवस्तु र नवलपरासीमा रहेका बुद्धसँगसम्बन्धित महत्वपूर्ण क्षेत्रको एकीकृत विकासमा जोड दिएको छ ।

लुम्बिनीलगायत विश्वका पुरातात्विक महत्वका बौद्ध सम्पदाका बारेमा चेतना अभिवृद्धि गर्ने, संसारभर बौद्ध शिक्षाको प्रचारप्रसार गर्ने, विभिन्न विधामा काम गरिरहेका निकायबीचमा समन्वय कायम गर्ने र लुम्बिनी र आसपासका क्षेत्रको दिगो विकासका लागि हातेमालो गरेर अगाडि बढ्नुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ ।

त्यस्तै, लुम्बिनीसँग सम्बन्धित सबै पक्षसहित स्थानीय बासिन्दा र सरोकारवालाबीच समन्वय र सहकार्य गर्दै यसको विकासमा लाग्नुपर्नेमा जोड दिइएको छ ।

सम्मेलनले बुद्ध जन्मस्थल लुम्बिनी र आसपासका पुरातात्विक स्थल वातावरण प्रदूषणको गम्भीर चपेटामा रहेको निष्कर्ष निकालेको छ । यसको समाधानका लागि तत्काल गम्भीर भएर परियोजना सञ्चालन गर्न, लुम्बिनी आसपासमा खुलिरहेका प्रदूषणयुक्त उद्योगको विकल्प खोज्न तथा जल प्रदूषण रोक्नुपर्ने कुरा घोषणापत्रमा उठान गरिएको छ ।

लुम्बिनीको बृहत्तर विकासका लागि बनेको गुरुयोजना सम्पन्न गरी संसारभरका बौद्धमार्गीलाई सुरक्षित तवरले लुम्बिनी आवागमनको व्यवस्था गर्ने विषयमा क्रियाशील बन्नुपर्नेमा जोड दिइएको छ ।

यसैगरी बौद्ध सम्पदाको प्रवर्द्धन, संरक्षण र संवर्द्धनका लागि बजेटको व्यवस्था गरी काम गर्नुपर्नेमा सरोकारवालालाई आह्वान गरिएको छ ।

धार्मिक सहिष्णुताको परम्परालाई प्रवर्द्धन गर्नुपर्ने र बौद्धमार्गीको सुरक्षाका लागि विशेष व्यवस्था गर्ने घोषणा सम्मेलनले गरेको छ ।

त्यस्तै बृहत् लुम्बिनी क्षेत्र र आसपासका क्षेत्रमा जुवा खेल्ने, नैतिक पतनका गतिविधि गर्ने, हिंसाजन्य गतिविधि गर्ने र मानव मूल्य र मान्यतालाई अवमूल्यन गर्ने गतिविधि निषेध गर्न पनि सम्मेलनका सहभागी सहमत भएका छन् ।

आर्य अष्टाङ्गिक मार्गमा आधारित बौद्ध नैतिक शिक्षा प्रणालीको प्रवर्द्धन गर्ने घोषणा पनि सम्मेलनले गरेको छ । सम्मेलनले पुरातात्विक महत्वको लुम्बिनी हित आसपासका पवित्र बौद्धस्थलको उत्खनन् गर्नुपर्ने कुरामा लुम्बिनी र तिलौराकोटको उत्खनन् गरिरहेका राष्ट्रिय अन्तर्राष्ट्रिय निकायसँग आग्रह गरेको छ ।

आयोजकका अनुसार सम्मेलनमा कूल ३२ राष्ट्रका ८०० प्रतिनिधिले भाग लिएका थिए । घोषणापत्रमा ३२ राष्ट्रका ५० प्रतिनिधिले हस्ताक्षर गरेका छन् ।

नेपालको थेरवाद बुद्धिष्ट एकेडेमी र म्यानमारको सितगु इन्टरनेसनल बुद्धिष्ट एकेडेमीको संयुक्त आयोजनामा गत कार्तिक २९ गतेदेखि सुरु भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा करिब ३२ राष्ट्रका ८६ कार्यपत्र प्रस्तुत गरिएको थियो ।

कीर्तिपुर नगरपालिकाको कार्यालय कीर्तिपुरको करार सेवामा सामाजिक परिचालकको पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७१/०८/०५

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, अन्तर्गत यस नगरपालिकाको देहाय बमोजिमका वडाहरुमा योग्यता पुगेका नेपाली नागरिकहरुलाई १५ दिनभित्र सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको कार्यालयमा दरखास्त दिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सामाजिक परिचालक करारमा सेवा लिनुपर्ने वडाहरु:-

१, २, ३, ४, ५, ६, ९, १०, ११, १२, १३, १४, १६, १७ र १९

आवश्यक योग्यता:-

१) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण वा प्रवेशिका परीक्षा उत्तीर्ण गरी CTEVT बाट मान्यता प्राप्त संस्थाहरुबाट सामाजिक परिचालन सम्बन्धी १२ महिने तालिम प्राप्त विवाहित महिला वा एकल महिला वा अन्य महिला हुनु पर्नेछ । यस मध्ये आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछि परेका विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

२) २१ वर्ष उमेर पूरा भएको ।

३) उम्मेदवार सम्बन्धित वडाको र स्थानीय रुपमै बसोबास गरेको हुनु पर्नेछ ।

४) सामाजिक परिचालन तथा सामुदायिक विकासका क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव भएको ।

५) प्रचलित कानुनले दोषी नठहऱ्याएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा संजाय नपाएको महिला हुनुपर्नेछ ।

नोट: रीतपूर्वक प्राप्त दरखास्तका आधारमा उम्मेदवारहरुको लिखित र मौखिक परीक्षा लिई माथि उल्लेखित पदको पदपूर्ति गरिनेछ ।

आगामी आ.व. २०७२/०७३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि दरखास्त दिने सम्बन्धी

कीर्तिपुर नगरपालिका कार्यालयको सूचना

नेपाल सरकारबाट स्वीकृति सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्ने लक्षित वर्गका नागरिकहरुले आ.व. २०७२/०७३ मा भत्ता प्राप्त गर्नका लागि सम्बन्धित वडा कार्यालयमा २०७१ मार्ग १५ गतेभित्र तपसील बमोजिम उमेर पुगिसकेका व्यक्तिहरुले २ प्रति पासपोर्ट साइजको फोटो र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी रित पूर्वक दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएका छ ।

हाल सामाजिक सुरक्षा भत्ता पाइरहेका नागरिकहरुले समेत उक्त मितिभित्र दरदास्त दिई आफ्नो नाम नवीकरण गर्नुपर्नेछ । उक्त मितिभित्र दरखास्त दिई दर्ता तथा नवीकरण नगर्नेहरुले २०७२ श्रावण १ गतेदेखि भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइएको छ ।

तपसील:

१) ज्येष्ठ नागरिक भत्ताका लागि २०७२ असार मसान्त सम्ममा ७० वर्ष उमेर पुरा भएको हुनुपर्नेछ । (दलित नागरिकहरुका लागि ६० वर्ष उमेर पुरा भएको हुनुपर्नेछ ।)

२) एकल महिला भत्ताका लागि २०७२ असार मसान्त सम्ममा ६० वर्ष उमेर पुरा भएको हुनुपर्नेछ । विधवा महिलाको हकमा उमेरको हदबन्दी लागु हुने छैन ।

३) विधवा महिलाहरुले पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र नाता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

४) अविवाहित वा सम्बन्ध विच्छेद भएका एकल महिलाहरुको हकमा सो सँग सम्बन्धित कागजातहरु पेश गर्नु पर्नेछ ।

५) पूर्ण अशक्त भत्ताका लागि जन्म दर्ता प्रमाणपत्र वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र पूर्ण आपङ्गता परिचयपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

६) बाल संरक्षण अनुदानका लागि दलित परिवारका ५ वर्ष मुनिका बालबालिकाहरुको जन्म दर्ता प्र.प.को प्रतिलिपि, बालबालिका र अभिभावकको २/२ प्रति फोटो राख्नु पर्नेछ ।

कीर्तिपुर नगरपालिका
देवढोका, कीर्तिपुर

कीर्तिपुर नगरपालिकाको कार्यालय

देवढोका, कीर्तिपुर

प्राविधिक प्रस्तावको लागि आमन्त्रण

(प्रथम पटक प्रकाशन: २०७१/८/५)

१) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP II) देशव्यापीरुपमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा संचालित कार्यक्रम हो । यस कार्यक्रमको उद्देश्य समाबेशी, जिम्मेबार र उत्तरदायी स्थानीय सरकार तथा सहभागितामूलक सामुदायिक नेतृत्वमुखी विकास मार्फत् गरिवी घटाउन योगदान गर्नु रहेको छ ।

२) कीर्तिपुर नगरपालिका स्थानीय सेवा प्रदायकहरुको निम्ति सामाजिक परिचालन कार्यान्वयनका लागि काम गर्न इच्छुक सेवा प्रदायक फर्महरुबाट शिलबन्दी प्राविधिक प्रस्ताव आह्वान गरिन्छ ।

३) प्रस्ताव प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र Eligibility and Qualification Examination मा योग्य तपसील बमोजिमका बोलपत्रदाताहरुले कार्यालय समयभित्र यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

४) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र वा सो भन्दा अगाडि नै प्राविधिक प्रस्ताव यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । दर्ता भएका प्राविधिक प्रस्तावहरु सोही दिनको १३:०० बजे बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ ।

५) प्रस्तावित परामर्श सेवा सम्बन्धी सम्पूर्ण विवरण गर्नुपर्ने कामको कार्यनिर्देश (Terms of Reference) मा उपलब्ध गराईने छ ।

६) परामर्शदाताको छनौट निश्चित बजेट प्रणाली अन्तर्गत गरिनेछ । सेवाका लागि चाहिने आवश्यक रकम गर्नुपर्ने कामको कार्यनिर्देश (Terms of Reference) मा संलग्न गरिएको छ ।

७) इच्छुक योग्य बोलपत्रदाताहरुले यस सम्बन्धी थप जानकारी लिन चाहेको खण्डमा यस कार्यालयबाट प्राप्त गर्न सक्नेछन्

८) परामर्शदाता/सेवा प्रदायक फर्मलाई छोटकरीमा जानकारीका लागि

१)	प्रस्ताव पेश गर्नुपर्ने स्थान: कीर्तिपुर नगरपालिकाको कार्यालय, देवढोका, कीर्तिपुर
२)	प्रस्ताव बुझाउने अन्तिम मिति: आमन्त्रणपत्रमा उल्लेख भए बमोजिम । (प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजेभित्र) बोलपत्र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदापछि कार्यालय खुलेको दिन हुनेछ ।
३)	प्राविधिक प्रस्तावको एक प्रति सक्कल र एक प्रति नक्कल बुझाउनु पर्नेछ ।
४)	प्रस्ताव (बोलपत्र) सम्बन्धी स्पष्ट जानकारी सम्बन्धित नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
५)	पूर्व प्रस्ताव बैठक हुने: नहुने ।
६)	प्रस्ताव बुझाउने अन्तिम मितिपछि प्रस्तावको मान्य हुने अवधि ९० (नब्बे) दिन रहनेछ ।
७)	अनुमानित आवश्यक महिनावारी दक्ष कर्मचारीहरुको संख्या: कार्य क्षेत्रगत शर्तमा उल्लेख भए बमोजिम हुने ।
८)	फर्मले निम्न बमोजिमको एउटा व्यवसायिक दक्ष टोलीको प्रस्ताव गर्नुपर्नेछ: कार्यादेश बमोजिम हुने ।
९)	प्रत्येक प्राविधिक प्रस्तावको मूल्याङ्कनमा अंक प्रदान गरिने प्रक्रिया: प्रस्ताव सम्बन्धी कागजातमा दिइएको छ ।
१०)	प्राधिविक प्रस्तावमा उत्तीर्ण हुन आवश्यक न्यूनत्तम अंक ६०
११)	काम सुरु गर्ने अनुमानित मिति १ जनवरी २०१५ देखि

९) Eligibility & Qualification Examination मा योग्य तपसील बमोजिमका बोलपत्रदाताहरु

कलष्टर १: वडा नं. १, २, ३, ४, ५, ६, १६, १७ र १९

१. अन्तर्राष्ट्रि एड्स कन्ट्रोल एण्ड प्रिभेन्सन अनुसन्धान केन्द्र
२. कीर्तिपुर महिला सञ्जाल, कीर्तिपुर
३. सामाजिक रुपान्तरणका लागि सहकार्य, शान्तिनगर, काठमाडौं ।

कलष्टर २: वडा नं. ७, ८, ९, १०, ११, १२, १३, १४, १५ र १८

१. रुपान्तरणका लागि सहकार्य, नेपाल
२. आत्मनिर्भर विकास मञ्च, काठमाडौं
३. अधिकारका लागि पहुंच नेपाल

१०) अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

अन्य विस्तृत जानकारीका लागि प्रस्ताव सम्बन्धी कागजात हेर्नुहोला ।

साहित्य स्तम्भ

कविता

प्रशान्त शर्मिला

कसले बुझ्छ ..... कुरो

आँखामा छारो हाल्नेले
तिमीलाई
तिम्रो शत्रु
मभन्दै चिनाउँदै छ
मीठो र चिप्लो
कुराले
हितैषीतिम्रो ऊ भन्दै छ ।

बलिको बोका
बनाउनलाई
मीठो मीठो
आहार पस्किदैछन
विभिन्नतिम्राअंगहरुमा
विभिन्नखुशीहरु भर्दैछन
विभिन्न
तिम्रा ईच्छाहरुलाई
विभिन्न सहमतिका
तालाहरुमाचापिंदैछन
चाबिहरुमा
खिया परेको भन्दै
हुबहु बनाउनखोज्दैछन
फलत
जातधर्म तेर्साइ
पुन:
तिम्रो शत्रु
म भन्दै चोखिनखोज्दैछन
माछाखस्रो हुन्छ
समाउनजान्नु पर्छ भन्दैछन
नीतिमिचि
इतिइतिहास्दैछन
खास्टो
मलाई देखाई
तिमीलाईओढ्न दिंदैछन।

चिनाखँ

सूर्यराम श्रेष्ठ

युद्धय् त्याकेगु ख:सा

आंत अमेरिकां ब्युसां
भर भारतं ब्युसां
ब: बेलायतं ब्युसां
छं थन युद्ध यायमत्य
छाय्कि
व युद्ध जनयुद्ध मखु
व युद्धय् छ त्याइनं मखु
धाथें
युद्ध यायेगु हे ख:सा
धाथें
युद्धय् त्याकेगु हे ख:सा
आंत भि जनता याके हे दु
व आतं छ ब्वय् जक फय्कि
भर भी जनता याके हे दु
व भर छं काये जन सय्कि
ब: भी जनता याके हे दु
व ब: छं छ्यले जक सय्कि
धाथें युद्ध यायुगु हे ख:सा
धाथें युद्ध त्याकेगु हे ख:सा ।

जलविनायक वनको आठौं साधारण सभा सम्पन्न

जलविनायक सामुदायिक वन उपभोक्ता समितिको आठौं वार्षिक साधारण सभा कार्तिक २८ गते शुक्रबार जलविनायक परिसरमा सन्पन्न भयो । कार्यक्रमको गुठी संस्थाका अध्यक्ष पञ्चलाल महर्जनले उद्घाटन गर्नुभएको थियो ।

त्यसक्रममा वहाँले जलविनायक क्षेत्रमा पर्यटकीय स्थल बनाउन उपभोक्ता समितिको भूमिका सराहनीय रहेको बताउनुभयो ।

वन संरक्षण, हरितपार्क निर्माणसँगै खानेपानी, सडक, ढल निकास, स्वास्थ्य सेवामा पनि ध्यान दिनुपर्ने बताउँदै उत्पादनशील र रोजगारीको घेरालाई फराकिलो पार्नुपर्ने बताउनुभयो। साथै वहाँले चोभार क्षेत्रको गुफाबारे विद्यालयमा पढ्ने विद्यार्थीहरुलाई ज्ञान दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा जिल्ला वन अधिकृत अनुप शर्माले जिल्ला वन कार्यालयको नीति नियमहरु पालना गर्न अनुरोध गर्दै सामुदायिक वनको विकासमा अग्रसर हुन अनुरोध गर्नुभयो ।

पर्यटन बोर्डका सङ्ग बिक्रम शाहले जलविनायकको वन उपभोक्ता समितिले पर्यटकीय ढंगले काम ठालेकोमा खुसी व्यक्त गर्नुभयो। यहाँको विकास र क्षेत्रको प्रवर्द्धनको लागि पत्रकार भ्रमण गरेको स्मरण गर्नुभयो ।

कार्यक्रममा राजनैतिक दलका तर्फबाट नेमकिपा कीर्तिपुर नगर समितिका अध्यक्ष हरिकुमार महर्जनले उपभोक्ता समिति पारदर्शी हुनुपर्ने, स्थानीय निकाय र विभिन्न संघसंस्थाको सहयोगलाई उपयोग गर्न सफल भएको संस्था जलविनायक सामुदायिक वन उपभोक्ता समिति पारदर्शी हुनुपर्ने बताउनुभयो ।

एमालेका रमेश महर्जन, एमाओवादीका त्रिरत्न महर्जनले पनि शुभकामना मन्तव्य दिनुभएको उक्त साधारण सभामा संस्थाको प्रगति विवरण सचिव सुनिता शाक्यले पेश गर्नुभएको थियो भने संस्थाको आर्थिक प्रतिवेदन कोषाध्यक्ष सुजिन्द्र महर्जनले पेश गर्नुभएको थियो ।

संस्थाका अध्यक्ष इन्द्र बहादुर महर्जनको सभातित्वमा भएको कार्यक्रममा दीपक महर्जन, दिनेश महर्जन, श्याम महर्जनले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा उपभोक्ता समितिमा कार्यरत सुभद्र नेपाली र चन्द्रावती थापा मगरलाई उत्कृष्ट कर्मचारी घोषित गरी नगद रु. २ हजार र एक हजार साथै सम्मान पत्रबाट सम्मानित गरेको थियो ।

झी पासा पुच:को तेस्रो साधारण सभा सम्पन्न

झी पासा पुच: बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तेस्रो वार्षिक साधारणसभा कार्तिक २९ गते शनिबार कीर्तिपुरमा सम्पन्न भयो ।

संस्थाका अध्यक्ष राजनकुमार श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रम अध्यक्षबाट संस्थाको वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो । वहाँले संस्थाको मूल उद्देश्य बचत तथा ऋण सबै शेयर सदस्यहरुबाट गर्न वचन र कर्मले सदाझैं सहयोग र सद्भावको आवश्यकता रहेको बताउनुभयो ।

वहाँको प्रतिवेदनमा आ.व. २०७०/०७१ सम्म कुल शेयर पूँजी ३१,९५,०००।- रहेको जनाउनुभयो ।

निक्षेप संकलन रु.१०६४४१५८/४१ र ऋण लगानी रु.६४२९१११।- रहेको अवगत गराउनुभयो ।

संस्थाले बित्तीय बजारमा देखिएको प्रतिस्पर्धा ब्याजदरमा बचततर्फ दैनिक बचतमा १० प्रतिशत, साधारण बचतमा ८ प्रतिशत र शेयर सदस्य मासिक बचत ११ प्रतिशत कायम गरिएको जनाएको छ । त्यसैगरी कर्जामा शेयर सदस्यको लागि १४ प्रतिशत र अन्यको लागि १५ प्रतिशत ब्याजमा ऋण प्रवाह गरेको बताउनुभयो ।

कार्यक्रममा कोषाध्यक्ष उमेश महर्जनले संस्थाको आर्थिक प्रतिवेदन र लेखा समितिको प्रतिवेदन हर्षमान महर्जनले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रम संस्थाका सचिव निलेश नकर्मीले संचालन गर्नुभएको थियो ।

जोशी शताब्दी .....

उचाइको सप्तनागजडित ताम्रपत्र र रु. पाँच लाख राशीको पुरस्कार समर्पण गर्न लागिएको निकेतनका सदस्यसचिव नरेन्द्रराज प्रसाईंले जानकारी दिनुभयो ।

नेपाली कला, साहित्य, संस्कृति, भाषा, आदि क्षेत्रको अध्ययन, अनुसन्धान र सिर्जनात्मक लेखन तथा अनेकौं उच्च प्रतिष्ठित संस्थाको संस्थापन र संचालनका साथ विश्व परिवेशमा नेपाली भाषा साहित्यको गरिमा र महिमा पुऱ्याउने एक्काइसौं शताब्दीका अविश्रान्त साधन जोशीलाई 'शताब्दी पुरुष' को उपाधी समर्पण गर्न लागिएको हो ।

उहाँका कविता, नाटक, समालोचना, लोकसाहित्य, संस्कृति, आदि विधामा दर्जनौं कृति प्रकाशित छन् ।

गत वर्ष निकेतनले निकेतनका सदस्य प्रा.डा. उषा ठाकुरको संयोजकत्वमा शताब्दी महोत्सव गठन गरेको थियो ।

ADMISSION OPEN !
In CREATIVE ACADEMY
for PLAYGROUP
for the session 2071
ADMISSION FORMS ARE AVAILABLE IN SCHOOL OFFICE
For Details Contact:
Creative Academy
Naya Bazar, Kirtipur
Phone : 4334123, 4336107

Admission Open !
BBS & B.Ed.
Wide Range of Scholorships are Available
For Quality education in affordable fee
Affiliated to T.U.
MANGAL MULTIPLE CAMPUS
Kirtipur Municipality -3
Tel: 4330544, 4335560

हरेक शुक्रबार प्रकाशित हुने
सहिद साप्ताहिक
नियमित पढौं र पढाऔं ।
email: kipushahid@hotmail.com
kipushahid@gmail.com

कीर्तिपुर न्यूरो सेन्टर एण्ड क्लिनिक खुल्ने

काठमाडौं न्यूरो सेन्टर एण्ड पोलिक्लिनिक (स्नायू तथा नशा रोग उपचार केन्द्र) द्वारा कीर्तिपुरमा पनि कीर्तिपुर न्यूरो सेन्टर एण्ड क्लिनिक भोलि ६ गते शनिबारबाट सेवा सुरु गर्ने भएको छ ।

धोकासी बसपार्क पाँगामा भोलि विहान ७ बजे उद्घाटन गरिने कार्यक्रम रहेकोछ । सेवा शुभारम्भ गर्ने दिनमा नि:शुल्क स्वास्थ्य शिविर संचालन हुने क्लिनिकका व्यवस्थापक अनिल महर्जनले सहिदलाई बताउनुभयो ।

भोलि हुने उद्घाटन कार्यक्रममा साथै नि:शुल्क स्वास्थ्य शिविर विहान ७-११ बजेसम्म सम्पूर्ण स्वास्थ्य प्रेमीहरु उपस्थित हुन पनि अनुरोध गरेको छ ।

क्रियटिभ नाटक महोत्सव सम्पन्न

क्रियटिभ एकेडेमीमा अध्ययनरत विद्यार्थीहरुद्वारा आफ्नै विद्यालयको सभा हलमा नाटक महोत्सव सम्पन्न गरियो ।

कक्षा ४ देखि ८ सम्मका विद्यार्थीहरुद्वारा दश वटा नाटक मञ्चन गरिएको थियो ।

नाटक प्रदर्शनमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं कार्यक्रमका प्रमुख अतिथि मर्जिमान सिंले नाटक मार्फत् समाज, गाउँ र राष्ट्रका नागरिकलाई सचेत गराउन महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

मञ्चनमा सहभागी विद्यार्थीहरुलाई धन्यवाद दिंदै निरन्तर अतिरिक्त क्रियाकलापमा सहभागी हुन अनुरोध गर्नुभयो ।

कार्यक्रममा नाटक प्रशिक्षक एवं प्रेम पौडेलले विद्यार्थीहरुको नाटकलाई राष्ट्र स्तरको प्रदर्शनी गराउन प्रयास गर्ने बताउनुभयो ।

कार्यक्रमका संयोजक शिव प्रसाद गिरीले मेहेनतको फल मीठो हुन्छ भन्ने प्रमाण विद्यार्थीहरुको प्रदर्शनले देखाएकोमा खुसी व्यक्त गर्नुभयो । विद्यालयका प्रिन्सिपल वि.एन. पौडेलले विद्यार्थीहरुको प्रतिभा यस नाटक महोत्सवले थप प्रोत्साहित हुन बताउनुभयो ।

नाटकमा लागु औषधी दुर्व्यसन, सामाजिक भेद्भाव, छुवाछुट, कुरितिको असर र समाधानबारे, बालबालिकाको क्षमता, बालअधिकारलगायत प्रदर्शन गरेको थियो ।

प्रस्तुत नाटकको मूल्याङ्कन अनिल काफ्ले र कमल राज अधिकारीले गर्नुभएको थियो ।

क्रियटिभ एकेडेमीले यही मंसिर १५ गते भारतको उडिसा राज्यमा हुने ग्लोवल फेस्टिभल २०१४ मा सहभागी हुने सो कार्यक्रममा जानकारी दिएको थियो ।

वीर गणेशमानको स्मृतिमा रक्तदान सम्पन्न

वीर गणेशमान सिंहको शतवार्षिकी कार्यक्रम देशभर विभिन्न कार्यक्रम मनाउने क्रममा कीर्तिपुरमा नेपाली काँग्रेस कीर्तिपुर नगरसमितिको आयोजनामा कार्तिक २९ गते नगाउँ दोबाटोमा रक्तदान कार्यक्रम सम्पन्न भयो ।

सभासद् राजन केसीले नगर समितिका उपसचिव दीपकराज पाण्डेलाई रगतको थैली हस्तान्तरण गरी उद्घाटन गर्नुभएको थियो ।

रक्तदान कार्यक्रममा पुरुष र महिला गरी ७५ जनाले रक्तदान गर्नुभएको थियो ।

रक्तदान सुरु गर्नु अघि वीर गणेशमान सिंहको स्मृति सभा भएको थियो ।

कार्यक्रममा सभासद् राजन केसी, काठमाडौं जिल्ला क्षेत्र नं. १० का सभापति राजकुमार नकर्मी, मीनप्रकाश महर्जन लगायतले गणेशमानको योगदानबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रम कीर्तिपुर नगरसमितिका सभापति कृष्णमान डंगोलको सभापतित्वमा भएको थियो ।

सेमिग्रेशन विन हस्तान्तरण

वातावरण संरक्षण समाज पाँगालाई फोहोर मैला व्यवस्थित व्यवस्थापन गर्न सेमिग्रेशन विन हस्तान्तरण कार्तिक २८ गते शुक्रबार एक कार्यक्रमबीच गरियो ।

नेपाल सरकार फोहोर मैला व्यवस्थापन प्राविधिक केन्द्रका कार्यकारी निर्देशक सुमित्रा अमात्यले कीर्तिपुर नगरपालिकाका सानुबाबु परियारमार्फत् समाजका अध्यक्ष शंकर डंगोललाई विन हस्तान्तरण गरिएको हो ।

त्यसक्रममा प्रमुख अतिथि डा. सुमित्रा अमात्यले कम्पोष्ट मल उत्पादन गरी महिलाको आर्थिक स्तर वृद्धि गर्नमा सहयोग मिल्ने बताउनुभयो ।

पाँगा महिला बचत तथा ऋण सहकारी संस्थाको अन्तर्गत संचालित कम्पोष्ट मल उत्पादन केन्द्र नेपालकै पहिलो हो भन्नु हुँदै महिलाहरुको हरेक कार्यक्रममा नेपाल सरकार सहयोग गर्न तयार रहेको बताउनुभयो ।

विशेष अतिथि कीर्तिपुर नगरपालिकाका लेखा प्रमुख सानुबाबु परियारले फोहोर मैला व्यवस्थापनमा वातावरण संरक्षण समाजले गरेको काम प्रति सन्तुष्ट व्यक्त गर्दै नपाको तर्फबाट सहयोग दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा योगेश शाक्य, दिपेन्द्र बहादुर ओली, सरव कुमार महर्जन, चन्द्रमाया महर्जनलगायतले बोल्नुभएको थियो ।

कार्यक्रम समाजका अध्यक्ष शंकर डंगोलको सभापत्विमा भएको थियो ।

स्मरणीय छ, समाजले पाँगामा कम्पोष्ट मल उत्पादन केन्द्र राखी पाँगाभरिको फोहोर संकलन गर्ने कार्य गरिरहेका छन् ।

जनतालाई विश्वासघात गर्नेहरू पराजय भोग्नेछ

जनविरोधी कार्य गर्ने, जनतालाई घात गर्नेहरु विस्तारै पराजय हुँदै जानेछ ।

जनता सचेत र सजग भएपछि अपराधीहरु सजायको भागी हुनेछन् ।

उक्त कुरा नेमकिपाका केन्द्रीय सचिव सुनिल प्रजापतिले बुधबार कीर्तिपुरमा आयोजित कार्यकर्ता भेलामा भन्नुभएको हो ।

हिजो जनयुद्ध गरी आएका माओवादीहरु सिद्धान्तबाट च्यूछ भएपछि पहिलो पार्टी तेस्रोमा झरेको स्मरण गराउँदै राजनैतिक दलहरु इमान्दार नभएपछिको परिणामा हो भन्नुभयो ।

वहाँले माघ ८ गतेको संविधान हिमाल, पहाड, तराई समावेश गरी प्राकृतिक श्रोत साधन र भौगोलिक विभाजन नभएमा अहिले भन्दा पनि धेरै दु:ख झेल्नुपर्ने बताउनुभयो ।

जातीय र आत्मनिर्णय सहितको संघीयता भयो भने देश टुक्रिन सक्ने सम्भावना हिन्दूस्तान र युगोस्लाभियाबाट पाठ सिक्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले नेपाल भाषा साहित्य सम्मेलनको तयारीबारे जानकारी दिनुभयो ।

कार्यक्रममा हरिकुमार महर्जन, खगेन्द्र दाहाल, बुद्धिमान महर्जनलगायतले बोल्नुभएको थियो ।

Preparation & Language Classes
IELTS, TOEFL, SAT &
English, Korean, Japanese, Hebrew

Special Classes :
Public Speaking Course Development, Grammar Focus
Academic Writing, Mock Test, Listening Practice {Audio & Video}

Language & IELTS Class

- Level Test: Students are given a Level Test before the class begins and are encouraged to take tests at the end of each week of study. In fact, tests are an itegral part of the course.
- Materials: All students are given a copy of the Natural Course Book an Self Study Book an CDs Listening Practice.
- Outline: The courses provide guidance and practice in all aspects of English learning [Speaking, Listening, Reading, Writing plus Grammar and Vocabulary]
  - Class time is mostly devoted to speaking and communication practice and reading, writing, listening tasks are set as homework.
  - The course focuses on the creative techniques required to succeed at IELTS and TOEFL, SAT.
- Self Study: Students are given a self study booklet, course books, magazine, stories and related to IELTS at the beginning of their course and this lists the tests which are available.

After course compete, there is Bonus Classes or Revision Classes with exam tips.

Valley Institute
Time: Morning, Day & Evening
Ph. No.: 4332509/9849421216
Email: computervalley10@yahoo.com